# विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०

प्रस्तावना: सङ्घीय कानून बमोजिम हुने निर्वाचनको लागि विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यलाई व्यवस्थित र कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले,

मतदाता नामावली ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार तथा प्रारम्भ:** (१) यस कार्यविधिको नाम "विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि आयोगले तोकेको मुलुकमा लागू हुनेछ।

(३) यो कार्यविधि दफा ५ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "कुटनीतिक नियोग" भन्नाले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि दफा ४ बमोजिम तोकिएका विदेशस्थित नेपाली राजदुतावास, महावाणिज्य दुतावास वा वाणिज्य दुतावास वा स्थायी नियोग सम्झनु पर्छ।

(ग) "दर्ता कर्मचारी" भन्नाले दफा १२ बमोजिम तोकिने दर्ता कर्मचारी सम्झनु पर्छ।

(घ) "दर्ता किट" भन्नाले ल्यापटप, वेव क्यामारा, फिङ्गर प्रिन्ट स्क्यानर सम्झनु पर्छ।

(ङ) "नाम दर्ता अधिकारी" भन्नाले दफा १२ बमोजिम तोकिने नाम दर्ता अधिकारी सम्झनु पर्छ।

(च) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(छ) "प्रमुख नाम दर्ता अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ज) "विदेश" भन्नाले आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि दफा ३ बमोजिम तोकेको मुलुक सम्झनु पर्छ।

(झ) "विदेशमा रहेका नेपाली नागरिक" भन्नाले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका वा विभिन्न उद्देश्यले विदेशमा रही सो मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त नगरेका नेपाली नागरिक सम्झनु पर्छ।

३. **<u>मुलुक तोक्ने:</u>** (१) आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि मुलुक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले मुलुक तोक्दा परराष्ट्र मन्त्रालयसँग समन्वय गर्न सक्नेछ।

४. **<u>दर्ता केन्द्र तोक्ने:</u>** दफा ३ बमोजिम तोकेको मुलुकको सम्बन्धित कुटनीतिक नियोगलाई दर्ता केन्द्र तोक्न सक्नेछ।

५. **<u>सूचना प्रकाशन गर्ने:</u>** आयोगले दफा ३ र दफा ४ बमोजिम मुलुक तथा दर्ता केन्द्र तोकेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

६. **<u>मतदाता नामावलीमा नाम दर्ता गर्ने:</u>** दफा ५ बमोजिम सूचना प्रकाशित भएपछि सम्बन्धित मुलुकको दर्ता केन्द्रबाट विदेशमा रहेका नेपाली नागरिकको विवरण निजको स्थायी ठेगानामा रहने गरी मतदाता नामावलीमा नाम दर्ता गर्नु पर्नेछ।

७. **<u>दर्ता स्थल</u>** : (१) मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि कुटनीतिक नियोगको कार्यालयमा दर्ता स्थल राख्दा नागरिकको सहज पहुँच, जौविक विवरण लिन उपयुक्त स्थानलाई चयन गर्नु पर्नेछ।

(२) दफा ३ बमोजिम तोकिएको मुलुकको कुटनीतिक नियोगले आयोगसँग समन्वय गरी आवश्यकतानुसार घुम्ती शिविर सञ्चालन गर्न सक्नेछ।

८. **<u>नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोक्ने</u>** : (१) आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोक्नका लागि परराष्ट्र मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगबाट लेखी आएमा परराष्ट्र मन्त्रालयले मतदाता नामावलीमा नाम दर्ता गर्न कुटनीतिक नियोगको कार्यालयमा कार्यरत कार्मचारीमध्ये अधिकृतस्तरको कर्मचारीलाई नाम दर्ता अधिकारी र सहायकस्तरको नेपाली भाषाको यूनिकोडमा टाईप गर्न सक्ने कर्मचारीलाई दर्ता कर्मचारी तोक्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) परराष्ट्र मन्त्रालयले उपदफा (२) बमोजिम नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोकी आयोगलाई जानकारी गराउनु पर्नेछ।

९. **<u>नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार</u>** : नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मतदाता नामावली दर्ता सम्बन्धी तालिममा सहभागी हुने,

(ख) मतदाता नामावली दर्ता सम्बन्धी कार्यक्रमको प्रचार प्रसार गर्ने,

(ग) मतदाता नामावली दर्ता सम्बन्धमा आयोग र सम्बन्धित निर्वाचन कार्यालयसँग समन्वय गर्ने,

(घ) मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धमा निर्वाचन सम्पर्क व्यक्तिको रूपमा काम गर्ने,

(ङ) मतदाता नामावलीमा प्रचलित कानून बमोजिम दर्ता गर्ने व्यवस्था मिलाउने,

(च) दर्ता भएका विवरणहरू सुरक्षित रूपमा अभिलेख राखी आयोगमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने,

(छ) आयोगले तोकेका अन्य कार्य गर्ने।

१०. **<u>दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार</u>** : दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदाता नामावली दर्ता सम्बन्धी तालिममा सहभागी हुने,

(ख) दर्ता स्थलमा रहेका उपकरण तथा भौतिक सामग्रीको सुरक्षा गर्ने,

(ग) आयोगको वेवसाइटमा रहेको सम्बन्धित अनलाइन फाराम बमोजिम तोकिएको मितिमा नाम दर्ता गराउन आउने व्यक्तिको औंलाको रेखात्मक छाप र फोटो कम्प्युटरमा प्रविष्ट गर्ने,

(घ) कम्प्युटरमा प्रविष्ट गरिएको मतदाताको विवरण सही भएको यकिन गर्ने र कम्प्युटरमा नै पढ्न र हेर्न दिई निजको विवरण त्रुटि रहित बनाई डाटा सेभ गर्ने,

(ङ) दर्ता किताबमा विवरण अद्यावधिक गर्ने,

(च) दर्ता कार्य सम्पन्न भएपछि अधकट्टी वा स्क्रिन प्रिन्ट गरी "दर्ता कार्य सम्पन्न" भन्ने छाप लगाई मिति लेखी हस्ताक्षर गरी सम्बन्धित व्यक्तिलाई दिने,

(छ) प्रणालीमा प्रविष्ट भएको विवरण सुरक्षित रूपमा भण्डारण गर्ने ।

(ज) दर्ता अधिकारीले तोकेका अन्य कार्य गर्ने।

११. **<u>अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गर्ने</u>**ः (१) विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा आयोग वा सम्बन्धित कुटनीतिक नियोगको वेवसाइटमा रहेको अनलाइन मतदाता नामावली फारम भरी देहायको प्रमाण प्रविष्ट गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) नागरिकतामा उल्लिखित ठेगाना भन्दा फरक ठेगानामा नाम दर्ता गराउन चाहेमा त्यस्तो स्थानमा बसाई सराईं गरी आएको प्रमाणपत्र वा विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र,

(ग) सम्बन्धित देशको लागि प्राप्त गरेको प्रवेशाज्ञा (**VISA**) वा श्रम स्वीकृति (**Work Permit**)

(घ) अनुसूची -१ बमोजिमको स्वघोषणा पत्र।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि प्रमुख नाम दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो व्यहोरा मनासिव देखिएमा स्वीकृत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रमुख नाम दर्ता अधिकारीले स्वीकृत गरेपछि त्यस्तो सूचना निवेदकलाई दिइनेछ र सो सूचनाको सन्देश निवेदकले प्राप्त गर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त भएपछि निवेदकले जैविक (बायोमेट्रिक) विवरण दिनका लागि आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छनोट भएको मिति र स्थानमा निवेदकले अनलाइनमा प्रविष्ट गरेका प्रमाण र सक्कल नेपाली राहदानी साथमा लिएर जानु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदक उपस्थित भएपछि निवेदकले अनलाइनमा प्रविष्ट गरेका प्रमाण र साथमा ल्याएका सक्कल कागजातहरू दर्ता कर्मचारीले रूजु गरी निजले पेश गरेका विवरणहरू ठिक भए नभएको यकिन गर्नु पर्नेछ।

१२. **मतदाता नामावलीमा नाम दर्ता गर्नेः** (१) अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गरी स्वीकृत भएका तथा ऐनको दफा ६ बमोजिम योग्यता पुगेका व्यक्तिको नाम आवेदनसाथ प्रविष्ट गरिएका देहायका कागजात हेरी यकिन गरेपछि निजको स्थायी ठेगानामा नाम दर्ता गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नेपाली राहदानीको सक्कलै प्रति,

(ख) नागरिकतामा उल्लिखित ठेगाना भन्दा फरक ठेगानामा नाम दर्ता गराउन चाहेमा त्यस्तो स्थानमा बसाई सराईं गरी आएको प्रमाणपत्र वा विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित देशको लागि प्राप्त गरेको प्रवेशाज्ञा (**VISA)** वा श्रम स्वीकृति (**Work Permit)**

(घ) अनुसूची -१ बमोजिमको स्वघोषणा पत्र।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता कर्मचारीले मतदाता नामावलीमा नाम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कागजात ठिक देखिएमा दर्ता कर्मचारीले अनुसूची-२ बमोजिमको दर्ता किताबमा दर्ता गरी सम्बन्धित व्यक्तिको जैविक (बायोमेट्रिक) विवरण कम्प्युटर प्रणालीमा दर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता सम्पन्न भएपछि कम्प्युटर स्क्रिनमा देखिएको निजको विवरण प्रिन्ट गरी "दर्ता कार्य सम्पन्न" भन्ने छाप लगाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

१३. **<u>विवरण स्थानान्तरण</u>** : दफा १२ बमोजिम दर्ता भएको विवरणलाई आयोगले सम्बन्धित कुटनीतिक नियोगको समन्वयमा एकीकृत गर्न दर्ता केन्द्र र आयोगबीच सुरक्षित माध्यमबाट जोड्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४. **<u>अन्तर आवद्धता गर्ने:</u>** दफा ११ बमोजिमको विवरण रुजु तथा प्रमाणीकरण गर्नका लागि मतदाता नामावली दर्ता प्रणालीसँग अनलाइन घटना दर्ता प्रणाली तथा नागरिकता सूचना व्यवस्थापन प्रणाली र राष्ट्रिय परिचयपत्र प्रणालीसँग अन्तरआवद्धता गर्न सकिनेछ।

१५. **<u>दर्ता सामग्री :</u>** (१) आयोगले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी सम्बन्धित कुटनीतिक नियोगलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यमा प्रयोग हुने प्रणाली सहितको दर्ता किटको व्यवस्था मिलाउनु पर्नेछ।

(२) परराष्ट्र मन्त्रालयले सम्बन्धित कुटनीतिक नियोगमा मतदाता नामावली दर्ता कार्यमा प्रयोग हुने फर्निचर, स्टेशनरी, सेतो पर्दा, इन्टरनेट र फायरवाल लगायतका आवश्यक पर्ने अन्य सामग्री व्यवस्थापन गर्नु पर्नेछ।

१६. **<u>केन्द्रीय समन्वय तथा अनुगमन समिति :</u>** मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र त्यस्तो विषयमा आवश्यक निर्देशन दिन, समन्वय तथा अनुगमन गर्न देहायको एक केन्द्रीय समन्वय तथा अनुगमन समिति रहनेछ :-

(क) सचिव, आयोग - संयोजक

(ख) महाशाखा प्रमुख, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख, सूचना प्रविधि शाखा, आयोग - सदस्य

(च) शाखा प्रमुख, मतदाता नामावली तथा निर्वाचन सञ्चालन, आयोग - सदस्य-सचिव

१७. **<u>केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :</u>** केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मतदाता नामावली दर्ता सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ख) मतदाता नामावली दर्ता सम्बन्धी कार्यको नीतिगत निर्णय गर्नु परेमा आयोग समक्ष सिफारिस गर्ने,

(ग) मतदाता नामावली दर्ता कार्यको समन्वय तथा अनुगमन गर्ने गराउने,

(घ) सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(ङ) मतदाता नामावली अद्यावधिक, मतदाता नामावलीलाई अन्तिम रुप दिने सम्बन्धमा तथ्याङ्क प्राप्ति, एकीकरण लगायतका बिषयमा आउन सक्ने समस्या सम्बोधन गर्ने,

(च) आयोगले तोकेका अन्य कार्यहरु गर्ने।

१८. **<u>तालिम सम्बन्धी व्यवस्था</u>** : आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्नुपूर्व नाम दर्ता अधिकारी र दर्ता कर्मचारीलाई आवश्यक तालिम दिनु पर्नेछ।

१९. **<u>मतदाता नामावली अद्यावधिक सम्बन्धी सूचना दिने</u>** : नाम दर्ता अधिकारी वा दर्ता कर्मचारीले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन, एक भन्दा बढी स्थानमा नाम रहेको भए एक ठाउँको नाम कायम राख्न, मतदाताको नाम मतदाता नामावलीबाट हटाउन, विवाह वा बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका नागरिकको विवरण सच्याउन वा हटाउनु परेमा आयोगको वेवसाइटमा सम्बन्धित अनलाइन फारम भरी आवश्यक प्रमाण प्रविष्ट गरी विवरण अद्यावधिक गर्न सकिने व्यहोराको सूचना सम्बन्धित व्यक्ति वा सरोकारवालालाई दिनु पर्नेछ।

२०. **<u>नाम दर्ता गर्ने र विवरण उपलब्ध गराउने कर्तव्यः</u>** ऐनको दफा १२ बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्न दफा ३ बमोजिम तोकिएको मुलुकको कुटनीतिक नियोग मार्फत आफ्नो नाम दर्ता गराउनु मतदाता हुन योग्यता पुगेका विदेशमा रहेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ।

२१. **<u>अन्तिम मतदाता नामावली प्रकाशन</u>** : मतदाता नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा त्रुटि सच्चाउने, झूठो विवरण दिई मतदाता नामावली दर्ता भएको अवस्थामा उजुरी दिने, उजुरी उपर कारवाही गरिने, दोहोरो नाम हटाउने, मतदाता नामावलीबाट नाम हटाउने तथा प्रमुख नाम दर्ता अधिकारीले ऐनको दफा १९ बमोजिम मतदाता नामावली आयोगमा पठाउने लगायतका ऐन बमोजिमको प्रक्रिया पूरा भएपछि अन्तिम मतदाता नामावली आयोगले वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

२२. **<u>मतदाता नामावली दर्ता कार्यमा सहयोग माग गर्न सक्ने</u>** : (१) नाम दर्ता अधिकारी वा दर्ता कर्मचारीले यस कार्यविधि बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा कुनै प्राविधिक समस्या आएमा समाधानको लागि आयोगको सूचना प्रविधि शाखा, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा वा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको सहयोग उपलब्ध गराउनु सूचना प्रविधि शाखा, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा र सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयको कर्तव्य हुनेछ।

२३. **<u>निर्देशन दिनेः</u>** (१) आयोगले यस कार्यविधि बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२४. **<u>प्रतिवेदन दिनेः</u>** नाम दर्ता अधिकारीले आफू तोकिएको दर्ता केन्द्रबाट दर्ता गरिएको मतदाता नामावलीको विवरण चौमासिक रुपमा तयार गरी सोको प्रतिवेदन आयोगमा पठाउनु पर्नेछ।

२५. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिएको जतिमा यसै कार्यविधि बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची - १

(दफा ११ को उपदफा (१) को खण्ड (घ) र दफा १२ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

## **<u>स्वघोषणा पत्र</u>**

श्री निर्वाचन आयोग,

कान्तिपथ, काठमाडौं ।

विदेशबाट मतदाता नामावलीमा नाम दर्ता गर्नको लागि मेरो नाम नेपालको मतदाता नामवलीमा समावेश गर्न देहाय बमोजिमको विवरण ठिक साँचो भएको स्वघोषणा गर्दछु :-

१. म नेपाली नागरिक हुँ। मेरो नेपालको नागरिकता त्याग गरेको तथा रद्द भएको छैन।
२. मैले नेपाल बाहेक अन्य कुनै देशको स्थायी बसोबास अनुमति पत्र वा नागरिकता लिएको छैन।
३. मैले यस भन्दा अघि कुनै गाउँपालिका वा नगरपालिकाको कुनै पनि वडाको मतदाता नामावलीमा मेरो नाम दर्ता गरेको छैन।
४. म नेपाली मूलको विदेशी नागरिक होइन।
५. मेरो अवधि कायम रहेको नेपाली राहदानीको सक्कल प्रति छ, साथै म रहेको देशको लागि प्राप्त गरेको प्रवेशाज्ञा र श्रम स्वीकृतिको अवधि हालसम्म कायम रहेको छ।
६. मैले अनलाइन फाराममा भरेको विवरण र पेश गरेका कागजात सबै ठिक साँचो हो ।
७. मेरो नागरिकता नं. ............, जारी जिल्ला .............., स्थायी ठेगाना (.............जिल्ला, ................ गाउँपालिका/नगरपालिका, ........... वडा नं.) र नागरिकताको जारी मिति .......वर्ष, .......... महिना, ............ गते हो ।

माथि उल्लिखित विवरण ठिक साँचो हो । झुठा ठहर भएमा प्रचलित कानून बमोजिम सहुँला, बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको :

नाम थर :

विदेशमा रहेको हालको ठेगाना :

## अनुसूची -२

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**दर्ता किताबको नमूना**

| क्र.सं. (दर्ता नं.) | प्रणालीको दर्ता नं. | जैविक विवरण लिएको मिति | दर्ता गरिएको व्यक्तिको | | | | | | | | | | | मतदाता नामावली दर्ता भएको देशको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | जन्म मिति | नागरिकता | | | राहदानी | | | स्थायी ठेगाना | फोन नम्बर | मतदाता नामावलीमा नाम रहने स्थान | |
| | | | | | नम्बर | जारी मिति | जारी जिल्ला | राहदानी नम्बर | जारी मिति | जारी गर्ने निकाय | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |